म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३७ आइतबार २५ चैत २०८० ने. सं. ११४४ चिल्लागा 7 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटेबाट गाँजासहित दुईजना महिला पक्राउ

हेटौंडा, २४ चैत/हेटौंडा उपमहानगरपालिकाबाट १२ किलो ९ सय ग्राम गाँजासहित २ जना महिलालाई प्रहरीले नियन्त्रणमा लिएको छ । हेटौंडा-१५ रातोमाटेस्थित सडकबाट करिब १२ किलो ९ सय ग्राम गाँजासहित २ जना महिलालाई शुक्रबार प्रहरीले नियन्त्रणमा लिएको प्रदेश प्रहरी कार्यालय बागमतीले जनाएको छ । मकवानपुरको बकैया गाउँपालिका-४ बस्ने ३२ वर्षीया चमेलीमाया घलान र बकैया-१० मन्थली बस्ने २५ वर्षीया रोजिना घलानलाई गाँजासहित नियन्त्रणमा लिइएको हो । प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीले हेटौंडाबाट काकडभिट्टातर्फ जाँदै गरेको मे. १ ख ३३३७ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार चमेलीमायाको साथबाट करिब ६ किलो ५ सय ग्राम र रोजिनाको साथबाट करिब ६ किलो ४ सय ग्राम गाँजा सहित नियन्त्रणमा लिइएको प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ ।

# बागमतीको संसदीय समितिको सभापति चयन वैशाखभित्रै

साझाकुरा संवाददाता




हेटौंडा, २४ चैत/ बागमती प्रदेशसभाका पाँचवटा विषयगत संसदीय समितिमा सभापति चयनका लागि निर्वाचनको तयारी गरिएको छ । दलीय भागबण्डा नमिल्दा समितिहरु डेढ वर्षदेखि ज्येष्ठ सदस्यको हैसियतमा चल्दै आएको छ ।

प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको झण्डै डेढ वर्षमा सरकारले बल्ल समितिको दलीय भागबण्डा टुंग्याएर सभापति चयनको तयारी गरेको हो । समिति सभापति सभामुख भुवनकुमार पाठकले चयन गर्नेछन् । जसका लागि प्रदेशसभामा निर्वाचन प्रक्रिया अगाडि बढाउनुपर्ने हुन्छ । सभामुख पाठक अमेरिका भ्रमणबाट फर्किएलगत्तै सभापति चयनका लागि निर्वाचन प्रक्रिया अगाडि बढाइने माओवादी केन्द्रका मुख्यसचेतक ढकालले जानकारी दिए । सभामुख पाठक निजी कामका लागि चैत २१ गते राती अमेरिकातर्फ प्रस्थान गरेका छन् । उनी १० दिनको भ्रमण सकेर ३ वैशाखमा फर्कने प्रदेशसभा सचिवालयले जनाएको छ ।

पाठक स्वदेश फर्किए लगत्तै प्रदेशसभाको नियमित बैठक बस्ने तयारी गरिएको पनि जनाइएको छ । १८ पुस २०७९ मा प्रदेशसभाको पहिलो बैठक बसेको थियो । त्यसपछि १२ असार २०८० मा आएर मात्रै प्रदेशका पाँचवटा संसदीय समिति गठन भएको थियो । तत्कालीन विपक्षी दल एमाले र राप्रपाको दबाबका कारण चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमाथिको छलफल गर्न बोलाइएको प्रदेशसभा बैठकबाट एकैपटक संसदीय समिति गठन गरिएको थियो । प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखासमिति, शिक्षा समिति, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति छन् ।

तर, प्रदेशसभाको दोस्रो कार्यकालको १६ महिनासम्म सरकारको कामलाई व्यवस्थित बनाउन भूमिका खेल्नुपर्ने समितिले सभापतिसमेत पाएन । समिति सदस्यहरुबाट ज्येष्ठताका आधारमा चुनिएका अध्यक्षको नेतृत्वमा समितिको बैठक बस्ने गरेको छ । सरकार फेरबदल र समितिमा दलीय भागबण्डा नटुगिंदा समयमै समितिको गठन र सभापति चयन गर्न नसकिएको बागमती सरकार नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रका मुख्यसचेतक रत्नप्रसाद ढकालले बताए । उनले समितिमा दलीय भागबण्डाको टुंगो लागिसकेको र छिट्टै सभापति चयनको तयारी गरिएको जानकारी दिए ।

प्रदेशसभाका पाँचवटा समितिमा सबै दलको प्रतिनिधित्व हुने गरी कुल ९६ जना सांसदलाई समितिको सदस्य बनाइएको छ । जसअनुसार ४ वटा समितिमा १९ जना र एउटा समितिमा २० सदस्य छन् । समितिका सदस्यबाट निर्वाचन गरी एकजना सभापति चुनिनेछन् । गत १९ भदौमा पहिलोपटक समितिहरुको बैठक बसेर अध्यक्ष चयन गरिएको थियो ।

प्रदेश मामिला समितिमा नेपाली कांग्रेसका शिवराज अधिकारी, अर्थ तथा विकास समितिमा माओवादी केन्द्रका रामप्रसाद ढुंगाना, सार्वजनिक लेखासमितिमा माओवादी केन्द्रका ठाकुरप्रसाद ढकालले अध्यक्षता गरेका थिए । शिक्षा स्वास्थ्य तथा कृषि समितिमा कांग्रेसकी मीनाकुमारी पराजुली पोखरेल र उद्योग, पर्यटन तथा वातावरण समितिमा कांग्रेसकी याङकिला शेर्पाले अध्यक्षता गरेकी थिइन् ।

**पाँचवटा दललाई समिति**

पाँचवटै संसदीय समितिमा संख्याका आधारमा दलीय भागबण्डा लागेको मुख्य सचेतक ढकालले जानकारी दिए । जसअनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने सात दलमध्ये ५ वटा दलले एक-एक वटा पाउने भएका छन् ।

हाम्रो नेपाली पार्टी र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले समिति सभापति नपाउने जनाइएको छ । नेमकिपाले समिति सभापतिमा दाबी नै नगरेको हो । हाम्रो नेपाली पार्टीबाट दलका नेता शैलेन्द्रमान बज्राचार्य सरकारमा सहभागी भएकाले उसलाई थप संसदीय समिति दिन नसकिनेमा मुख्यमन्त्री शालिकराम जम्कट्टेल छन् ।

नेपाली कांग्रेसलाई सार्वजनिक लेखासमिति दिने तयारी छ । एमाले, माओवादी केन्द्र, राप्रपा र एकीकृत समाजवादीले एक-एक वटा समिति पाउने छन् । कांग्रेसले दुईवटा समिति माग गरेको सचेतक ढकालले जानकारी दिए । एकीकृत समाजवादीले पनि तीनवटा मन्त्रालय लिए संसदीय समिति नपाउने ढकाल बताउँछन् । 'कांग्रेसले दुईवटा पाउँदैन । एकीकृत समाजवादीले तीनवटा मन्त्रालय लिए समिति पाउँदैन,' उनले भने ।

नेपाली कांग्रेससँगको गठबन्धन टुट्नु अघि पनि बागमतीमा संसदीय समिति भागबण्डा लागेर सभापति चयनको लागि सरकार तयारी अवस्थामा थियो । तर, गठबन्धन फेरबदलले तत्काल समिति सभापति चयन हुन नसकेको हो । पुरानै गठबन्धनमा कांग्रेसलाई दुईवटा, एमाले, माओवादी र एकीकृत समाजवादीलाई एक/एक वटा समिति भागबण्डा लागेको सत्तारुढ दलका एक सांसदले जानकारी दिए ।

## प्रदेश युवा परिषद्द्वारा लोकसेवा तयारी कक्षा सञ्चालन

साझाकुरा संवाददाता




हेटौंडा, २४ चैत/प्रदेश युवा परिषद, बागमतीले युवाका लागि नि:शुल्क लोकसेवा आयोगका तयारी कक्षा सञ्चालन गरेको छ ।

बढ्दो शैक्षिक बेरोजगार न्यूनीकरण गर्न र युवाशक्तिलाई स्वदेशमै अड्याउने उद्देश्यले परिषदले कक्षा सुरु गरेको हो । परिषदले खरिदार पदको तयारीका लागि नि:शुल्क डेढ महिने कक्षा संचालन गरेको हो । खरिदारको नि:शुल्क तयारी कक्षाको शनिवार सामाजिक विकास मन्त्री कुमारी मुक्तानले उद्घाटन गरेकी हुन् । युवामा सकारात्मक भावनाको विकास गराइ कुशल नेतृत्व, सफल, मेहनती, प्रतिस्पर्धी र इमान्दार युवाकारुपमा स्थापित गराउन लोकसेवा तयारी कक्षा संचालन आवश्यक रहेको बताएका छन् ।

समाज परिवर्तनका लागि युवाको भूमिका महत्वपूर्ण भएको उल्लेख गर्दै उनले युवाले जिम्मेवार भएर अगाडि बढ्नु पर्ने बताएका छन् । अन्य व्यक्ति आएर हाम्रो समाज परिवर्तन गर्ने नभइ यहाँका युवाले आफ्नो दायित्वबोध गरेर अगाडि बढेमात्रै मुलुक समृद्ध भन्ने मन्त्रीको भनाइ थियो ।

कार्यक्रममा परिषदका कार्यकारी उपाध्यक्ष संतोष चौलागाईले लोकसेवा आयोगमा यहाँका युवाको पहुँच र सहभागिता अझैं पनि उल्लेख्यरुपमा हुन नसकेको भन्दै परिषदले युवाका लागि खरिदार पदको लोकसेवा तयारी कक्षा संचालन गरिरहेको बताए । लोकसेवा तयारी कक्षा सञ्चालन भएपछि यहाँका युवा खुशी भएका छन् । तयारी कक्षामा द्वन्द्वपीडत, घाइते, दलित, जनजाति, अपाङ्गता भएका ५० भन्दा बढी महिलाको सहभागिता रहेको छ ।

परिषदले युवाका लागि गरेको यो प्रयास सकारात्मक भएको परीक्षार्थीले बताएका छन् । राज्य सञ्चालनमा कर्मचारीको महत्पूर्ण भूमिका हुने उल्लेख गर्दै प्रशिक्षार्थीले कर्मचारीतन्त्रमा क्षमता भएको मान्छे र युवा आउनुपर्ने बुझाइ भएकाले यो कार्यक्रम उपयोगी भएको बताएका छन् ।

## सहकारी शिक्षा र महत्वबारे जानकारी

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/हेटौंडा ११नम्बर वडा स्थित थानाभञ्याङमा रहेको श्री उपयोगी सहश्राब्दी बचत तथा ऋण सहकारी संस्थाले हेटौंडा ११ मा रहेको ५ वटा टोलविकाश संस्थाका पदाधिकारी हरुलाई सहकारी शिक्षा र यसको महत्वबारे जानकारी गराएको छ ।

सहकारीको शिक्षा उपसमिति को आयोजनामा गरिएको कार्यक्रममा स्मारक, शन्तिचोक, गणेशथान, सिद्धार्थ, लालीगुराँस टोलविकास संस्थाका पदाधिकारीहरुलाई सहकारीको महत्वबारे बताइएको कार्यक्रम संयोजक यज्ञबहादुर आचार्यले जानकारी दिए ।

उपयोगी सहश्राब्दीका कोषाध्यक्ष रामेश्वर नगरकोटीको सभाध्यक्षतामा हेटौंडा ११ शहीद स्मारकको थाहा भवनमा भएको कार्यक्रममा हेटौंडा ११ का वडाध्यक्ष विकाश नेपालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा आयोजक सहकारीका अध्यक्ष दिनेश बिडारी , गणेशथान टोलविकाश संस्थाकी अध्यक्ष तारा कप्रौला लगायतकाले मन्तब्य ब्यक्त गरेका थिए । कार्यक्रममा टोलविकास संस्थाका १५८ जना सहभागी थिए ।

## पाथिभरामा भैरवको मूर्ति अनावरण

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/हेटौंडा उपमहानगरपालिका-१ भैरवडाँडा स्थित पाथिभरा माता मन्दिरसँगैं शनिवार विहान छ फिट अग्लो भैरवको मूर्ति अनावरण गरिएको छ ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाईलगायतले संयुक्तरुपमा भैरवको मूर्ति अनावरण गरेका हुन् । मूर्ति अनावरणपश्चात नगरप्रमुख लामाले उपमहानगरले धार्मिक एवम् पर्यटकीय क्षेत्रको विकास र आवश्यक पूर्वाधार निर्माणमा सदैव सकारात्मक सहयोग गर्ने प्रतिवद्धता जनाइन् ।

उनले धार्मिक पर्यटन विकासमा पाथिभराको महत्वपूर्ण योग्दान रहने जिकिर गर्दै हेटौंडा आउने पर्यटकलाई घुम्ने र समय बिताउने धेरै पर्यटकीय गन्तव्य रहेको बताइन् । हेटौंडा-७ निवासी समाजसेवी एवम् व्यवसायी नवराज खतिवडाको लगानीमा मूर्ति स्थापना गरिएको हो । एउटै ठूलो ढुंगामा कुँदेर बनाइएको भैरवको मूर्ति स्थानीय कालिगढद्वारा करिव एकमहिना लगाएर निर्माण गरिएको खतिवडाले जानकारी दिए ।

त्यस्तै चैत २७ गतेबाट सुरु हुने देवीभागवत महायज्ञको पनि शनिबार नगरप्रमुख लामाले शुभारम्भ गरिन् । बाजागाजा, झाँकी, कलश यात्रासहित महायज्ञ सञ्चालन गरिने पाथिभरा मन्दिरका पीठाधीश गुरु देवीदासले बताए । दुर्गा सप्तशति पाठ एवम् नवभागवत पारायण तथा महायज्ञमा ११ जना ब्राम्हणद्वारा नियमित पाठपारायण समेत गरिने छ । नौ दिनसम्म चल्ने नवभागवत पारायण चैते दशैंका दिन समापन हुने पाथिभरा मन्दिर संरक्षण समितिका अध्यक्ष केशवप्रसाद देवकोटाले बताए । मन्दिरमा वैशाख १, ४ र ५ गते महापूजा हुने आयोजकले जनाएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

ENTRANCE
24 Chaitra 2080

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# करको पत्राचार र आतंकित व्यवसायी

आन्तरिक राजश्व कार्यालयले करिब एक महिना अघि हेटौंडाका केही ब्यवसायीलाई थ्रेसहोल्ड, सिलिङका बारेमा पत्राचार गरेपछि ब्यवसायी त्रसित भएका थिए । बस्तु खरिद बिक्री गर्ने तथा सेवा ब्यवसाय गर्ने ब्यवसायीले थ्रेसहोल्ड भित्रै रहेको अवस्थामा पनि मूल्यअभिबृद्धि कर (भ्याट) मा जानै पर्ने आसयको पत्राचार भएपछि ब्यवसायी तनावमा थिए । यो बिषयमा ब्यापारीहरुको छाता संगठनले बेलैमा छलफल गर्नु पर्ने थियो । मकवानपुर उद्योग वाणिज्य संघ करिब १ महिना निदाएको अवस्थामा पुग्यो । एक महिनाको समययावधि भएको कर कार्यालयको पत्राचालाई समयभित्र छलफलमा ल्याउनु उपयुक्त हुने थियो । ढिलै भएपनि ब्यवसायीलाई राहत भएको छ । मकवानपुर उद्योग वाणिज्य संघले शुक्रबार मूल्य अभिबृद्धि कर (भ्याट) सम्बन्धी अन्तरक्रिया गरेर ब्यवसायीलाई थोरै भएपनि राहत महशुस गराएको छ । संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा भएको अन्तरक्रियामा आन्तरिक राजश्व कार्यालय, हेटौंडाका प्रमुख करअधिकृत तुलसीप्रसाद भट्टराईको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष तथा केन्द्रीय सदस्य कृष्ण कटुवाल र आन्तरिक राजश्व कार्यालय, हेटौंडाका कर अधिकृत प्रेमप्रसाद तिम्सिना पनि सहभागी थिए । कर अधिकृतले सहजीकरण गरेका कार्यक्रममा मकवानपुरका उद्योगी/व्यवसायीको सहभागिता थियो । आन्तरिक राजश्व कार्यालय, हेटौंडाबाट उद्योगी/व्यवसायीलाई गरिएको पत्राचारले उद्योगी/व्यवसायी केही आतंकित भएका थिए । आन्तरिक राजश्व कार्यालयले नियमको पालना गराउने प्रयत्न गरेको बताइएको छ । भ्याटसम्बन्धी सामान्य प्रावधानको कारण केही उद्योगी/व्यवसायीलाई पछिल्लो समय पत्राचार गरिएको कर कार्यालयले जनाएको छ ।बस्तु तथा सेवाको कारोबार गर्ने ब्यवसायीले हिसावकिताव ठीकसँग राखेका छैनन् । कतिपयले हिसावकिताव ठीकसँग राख्न जानेका पनि छैनन् । कितपय ब्यवसायी सिक्दै पनि छन् । कतिपय ब्यवसायीले अरुको सहारामा हिसाबकिताव राख्ने गरेका छन् । उद्योगी/व्यवसायीले चिन्ता गर्नुपर्ने खासै बिषय नभएको कर कार्यालयले जनाएको छ । तर, भ्याटमै गएपनि भ्याटसम्बन्धी जानकारी लिई कारोवार गरेमा समस्या नहुने, पानमा भएका व्यवसायी र भ्याटमा भएका व्यवसायीबीच नाफाघाटाको खासै अन्तर नहुने, पानमा दर्ता हुदैमा हरहिसाव राख्नु नपर्ने तर, भ्याटमा गएपछि राख्नुपर्ने भन्ने आम बुझाइ गलत रहेको, उद्योगी/व्यवसायीलाई आवश्यक्ता परेमा नियमित रुपमा समय मिलाएर प्रशिक्षण गर्न सकिने अवस्था रहेको कर अधिकृतहरुले बताएका छन् ।

ब्यवसाय गर्नेले स्थायी लेखा नम्बर लिनुपर्ने हुन्छ । स्थायी लेखा नम्बर ब्यक्तिगत रुपमा पनि लिन मिल्ने कुरा हो । स्थायी लेखा नम्बर लिएपछि पालना गर्नुपर्ने कुराहरुमा ब्यवसायी सतर्क हुनै पर्छ । मदिराजन्य कारोबार गर्ने व्यवसायीले पालना गर्नुपर्ने सर्तहरु अलिक फरक छन् । मूल्यअभिवृद्धि करमा दर्ता, मूल्यअभिवृद्धि करमा करकट्टी, दर्ता हुँदाका बखत मौज्दातमा रहेको कर लाग्ने कारोवारमा प्रयोग हुने वस्तुमा तिरेको वा तिर्नुपर्ने करकट्टी गर्ने व्यवस्था, करकट्टी गर्न नपाइने वस्तु तथा सेवा, नोक्सानी भएको वस्तुमा तिरेको करकट्टीसम्बन्धी व्यवस्था, कर सहभागिता मोडेल, मूल्यअभिवृद्धि कर दर्ताखारेजी, स्थायी लेखा नम्बर स्थगन प्रक्रिया जस्ता विषयमा ब्यवसायीलाई सबै खुलस्त जानकारी गराउनु राज्यको दायित्व हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २६ गते सोमबार ८ अप्रिल २०२४ । औंसी, चैत कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:४९, सूर्यास्त ६:२४ । घोडेजात्रा । सोमवारे औंसी । दर्शश्राद्ध । निशि बार्ने । हलो बार्ने ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | तुला | : मन खिन्न हुन सक्नेछ |
| वृष | : उदर-विकार हुन सक्नेछ | वृश्चिक | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| मिथुन | : परिवारमा उन्नति हुनेछ | धनु | : राजनीतिमा सफलता मिल्नेछ |
| कर्कट | : काममा रोकावट आउन सक्नेछ | मकर | : काममा विलम्ब हुनेछ |
| सिंह | : शुभ समाचार सुन्न पाइनेछ | कुम्भ | : मनोकांक्षा सिद्धि हुनेछ |
| कन्या | : मान सम्मान पाउन सकिनेछ | मीन | : गरेको कार्यमा सफलता मिल्नेछ |

# नेपालमा शैक्षिक संकट छ, सुधार अर्जेन्ट भइसक्यो



प्रा.डा. कृष्ण कु. श्रेष्ठ

पहिला र अहिले निश्चित तह र शैक्षिक संस्थामा शैक्षिक गुणस्तरमा सुधार भएको छ । तर आधारभूत तहमा हाम्रो शैक्षिक गुणस्तरमा सम्झौता भएको छ । रोट लर्निङ अर्थात् घोकन्ते विद्यामा हाम्रो जोड छ । शिक्षककेन्द्रित घोकन्ते सिकाइमा शिक्षकले पढाउँछन्, पाठ्यक्रममा आधारित सिद्धान्त घोकाएर पढाइन्छ र विद्यार्थी जाँचमा निश्चित प्रतिशत ल्याएर उत्तीर्ण हुन्छ । तर व्यावहारिक सीप केही हुँदैन । यद्यपि धेरै शैक्षिक संस्थामा अहिले त्यसलाई विस्तारै सम्बोधन गर्न थालेको पाएको छु । यो पृष्ठभूमिमा आधार भूत रूपमा हाम्रो शैक्षिक गुणस्तरमा केही सवालहरू छन् ।

पहिलो, शिक्षण सिकाइ एकदमै सतही दर्शनमा आधारित छ । सिकाइ प्रक्रियालाई घोकन्ते सिकाइले खोसिरहेको छ ।

दोस्रो, शिक्षण पेशा र पाठ्यक्रम विकास भयंकर सिद्धान्तकेन्द्रित छ, व्यावहारिक र अभ्यासमा आधारित छैन । विद्यार्थीलाई धेरैभन्दा धेरै बढी सिद्धान्त पढायो तर व्यवहारमा त्यसको अर्थ केही छैन । त्यसको सिकाइको कुनै अर्थ हुँदैन ।

तेस्रो, खासगरी कलेज र विश्व विद्यालयको शिक्षकमा ज्ञान उत्पादन नै देखिन्न । यति वर्ष अध्यापन गराएपछि प्राध्यापक हुने भन्ने छ । एकेडेमिया भनेको ज्ञान उत्पादन गृह हो । हामी अध्ययन अनुसन्धान गर्छौं, आर्टिकल लेख्छौं, किताब लेख्छौं । एकप्रकारको विद्वत् बहसमा संलग्न भएको पाउँदैनौं । यो आम प्रवृत्ति हो, भलै केही राम्रा प्राज्ञिक नेतृत्व पनि हुनुहुन्छ । लोकसेवा परीक्षा उत्तीर्ण गरेर सेवामा प्रवेश गरेपछि सबै ज्ञान प्राप्त हुँदैन । निरन्तर अध्ययन अनुसन्धान गर्नुपर्छ ।

### आलोचनात्मक चेत मरेको राजनीति र शिक्षा

यहाँ आलोचनात्मक सोचाइ (क्रिटिकल थिंकिङ) छैन । घोकन्ते सिकाइको क्रिटिकल थिङ्किङसँग राम्रो सम्बन्ध हुँदैन ।

आलोचनात्मक क्षमता भनेको विद्यार्थीलाई सोच्ने, प्रश्न गर्न प्रेरित गर्ने शिक्षा हो न कि ध्वंसात्मक सोच । जस्तो कि शिक्षकले कस्तो शिक्षण विधि, पेडागोजी (अध्यापन विज्ञान), शैक्षिक सन्दर्भ अनुसारको शिक्षण गर्नुपर्छ भन्ने प्रश्न र भिजनिङ गर्ने खालको आलोचनात्मक सोच शिल्प विद्यार्थीमा विकास हुनुपर्छ । यो कुरा शिक्षकमा पनि छैन । पाठ्यपुस्तक ल्यायो, पठायो मात्रै । यो नेपालको मात्र नभएर खासगरी दक्षिण एशियाकै आधारभूत सामाजिक संस्कृति पनि हो ।

तपाईं ठूलो मान्छे हुनुभयो, शिक्षक हुनुभयो मैले तपाईंले भनेको मान्नुपर्छ । हामीले के बुझ्नुपर्छ भने प्रश्न गर्नु भनेको अपमान गर्नु होइन । प्रश्न सोध्नु गलत होइन । हाम्रोमा विद्यार्थीहरू आज्ञाकारी जस्तो बन्नुपर्ने हुन्छ । शिक्षकलाई भगवान् जस्तै मानिन्छ । सबैतिर यस्तो नहोला तर बहुसंख्यामा आलोचनात्मक चेत कम छ ।

यसरी दार्शनिक, घोकन्ते शिक्षा र आलोचनात्मक क्षमताको अभावले हाम्रो शैक्षिक गुणस्तर निरन्तर समस्यातिर धकेलिइरहेको देखिन्छ । आलोचनात्मक सोच र प्रश्न मात्रै गर्नु वा आशंका गर्नुमा ठूलो अन्तर छ । आलोचनात्मक चेत र आलोचनामा फरक छ । आलोचनात्मक क्षमता भनेको पैरवी गर्नु, त्यसले भनेको भएन मैले भनेको यो हो भन्नु होइन । क्रिटिकल थिंकिङ स्किलले तपाईंलाई प्रश्न गर्छ र सँगै रचनात्मक समाधान पनि उपलब्ध गराउँछ ।

यहाँको राजनीतिका केही अभ्यास पूर्णत: खारेजयोग्य छन् । अर्काको भ्यूज हेर्दै हेर्दैन । राजनीतिक बहस पैरवीमा अरु बहुआयामिक दृष्टिकोणहरूलाई अस्वीकार गरिन्छ । हाम्रो राजनीति ध्रुवीकृत र अहंकारी छ । क्रिटिकल थिंकिङमा यस्तो हुँदैन । धेरैभन्दा धेरै स्रोतहरूबाट प्रमाणमा आधारित सूचना लिएर, जिज्ञासु बनेर काम गरिन्छ र यो समाधानमुखी हुन्छ ।

तर हाम्रो राजनीतिमा मेरो गोरुको बाह्रै टक्का हुन्छ । आफ्नै मात्रै कुरा गर्ने संस्कार हुर्किएको छ । जुन क्रिटिकल थिंकिङ नभएर राजनीतिक बहस पैरवी हो । प्राय:जसो राजनीतिमा प्रश्न गर्ने भनिन्छ । त्यो स्वार्थमा आधारित र अर्को पाटोलाई निषेधात्मक हुन्छ ।

त्यसैले हाम्रोमा शिक्षा सुनि राजनीति सुनुपर्छ र शिक्षा सुध्रियो भने पनि राजनीति सुध्रिन्छ । यहाँको एउटामा हुने सकारात्मक प्रभाव अर्कोमा पनि देखिन्छ । तर नेपालमा राजनीतिमा संस्थागत र शैक्षिक सुधार दुवै अत्यावश्यक बनिसकेको छ । किनकि दुवै संकटग्रस्त अवस्थामा छ ।

### के हो शैक्षिक गुणस्तर ?

गुणस्तरीय शिक्षाले विद्यार्थीलाई सोच्न सिक्ने अर्थात् सोचवान् बनाउन सक्छ । सतही रूपमा हेर्दा शैक्षिक गुणस्तर भनेको यस्तो तत्व हो जहाँ नयाँ ज्ञान, सोच्ने तरिका र सीप विकास हुन्छ । गुणस्तरीय शिक्षा पाएका विद्यार्थीले व्यवहारमा लागू हुने र गर्न सकिने शैक्षिक अनुभव, ज्ञान र सीप प्राप्त गर्छन् । यस्तो शिक्षाले समस्या समाधान गर्न र अवसरहरू खोज्न सिकाउँछ । मान्छेलाई उत्प्रेरित गर्छ । कुनै विश्वविद्यालयको स्नातकले समस्या समाधान गर्न, अवसर सिर्जना गर्न, इन्नोभेट र नयाँ ज्ञान सिर्जना गर्न सक्नुपर्छ । तब मात्र विद्यार्थीले गुणस्तरीय शिक्षा प्राप्त गरेको भन्न सकिन्छ ।

यता, कमसल शिक्षाले समस्याको मूल्याङ्कन गर्न सक्दैन । विषयवस्तुलाई राम्ररी व्याख्या गर्न सक्दैन । नयाँ ज्ञान उत्पादन गर्न सक्दैन । मान्छेलाई अभिप्रेरित गर्न सक्दैन । नवप्रवर्तन गर्न सक्दैन । हातमा शैक्षिक प्रमाणपत्र हुन्छ, त्यसलाई भित्तामा झुन्ड्याउन वा माला लगाउन सकियो तर व्यवहारमा त्यसको कुनै अर्थ हुँदैन ।

उल्लिखित आधारमा नेपालको शिक्षा अत्यधिक कमजोर छैन तर कमजोर नजिक भने छ । यसैको परिणाम ठूलो संख्यामा विद्यार्थी बाहिर जाने प्रवृत्ति बढिरहेको छ । सरकारले स्वदेशमै गुणस्तर सुधार गर्नुपर्छ, स्वदेशमै गुणस्तर ल्याउनुपर्छ जसले गर्दा विदेश जाने विद्यार्थीको ठूलो बहाव केही हदसम्म नियन्त्रण हुन्छ ।

### समस्याको मुहान

शैक्षिक गुणस्तरमा समस्या नीतिगत तहबाटै सुरु हुन्छ । पाठ्यक्रम कस्तो हुने, कसले र कसरी बनाउने ? नेपालमा यसबारे सुव्यवस्थित न सोचिन्छ, न गरिन्छ । स्नातक तह कहिले चार वर्ष, कहिले तीन वर्ष भनेको छ । यहाँनेर आधारभूत तहमै समस्या देखिन्छ । त्यसैले नेपालमा तत्काल नीतिगत सुधार आवश्यक छ ।

यसका लागि पहिलो, राजनीतिक र दोस्रो शैक्षिक सुधार हुनुपर्छ । शिक्षामा नीतिगत रूपमै समस्या रहेकोले राजनीतिक सुधार पहिलो प्राथमिकतामा पर्नुपर्छ । राजनीतिक सुधार अद्यावधिक वैश्विक ज्ञानका आधारमा हुनुपर्छ । संसारभरिका अरू संस्था र विश्वविद्यालयहरूमा 'बेन्चमार्क' गर्नुपऱ्यो । कसले के गरिरहेको छ हेरेर सर्वोत्तम अभ्यासहरू हाम्रो मौलिकतामा अनुसरण गर्नुपऱ्यो । अध्यापन विधि र मूल्याङ्कन कसरी गर्ने ? ग्र्याजुएटहरूलाई कस्ता सीप र रोजगारीमा कसरी जोड्ने ? मागद्वारा सञ्चालन हुने शिक्षा कसरी बनाउने भन्ने नीतिगत बहस एकदमै कमजोर छ ।

शैक्षिक र राजनीतिक गतिविधि मिसमास गरिनुहुँदैन । यहाँका प्राध्यापकहरू जागिर पाएपछि खालि राजनीतिमा लाग्ने, यताउता दौडिने, डीन वा कुनै पद पाउन नेताकोमा धाउने व्यावहारिक समस्या अत्यधिक देखिन्छ । विश्वविद्यालयभित्र अनेक रंगका युनियनहरू छन् । युनियन हुनु आफैंमा नराम्रो होइन । फरक-फरक रुचिमा आधारित समूहहरू हुनु राम्रो हो । राजनीतिक चेतना हुनु झन् राम्रो हो । तर प्राज्ञिक पक्ष छायाँमा परेको छ भने राजनीति हाबी भएको छ । पब्लिक गुडमा नीति बनेको छैन । पाठ्यक्रम र शिक्षण विज्ञान लगायतमा विश्वमा इन्नोभेटिभ बदलाव भइरहेको छ तर हाम्रो शिक्षा नीति एकदमै पछाडि परेको छ । विश्वसँग पदचाप मिलाउन सकेको छैन ।

म प्राध्यापक हुँ किनकि म पढाउन चाहन्छु । म आलोचनात्मक क्षमता सहितको नयाँ पुस्ता सिर्जना गर्न र उनीहरूलाई उत्प्रेरित गर्न चाहन्छु । म केही बदल्न चाहन्छु । शिक्षामा केही फरक गर्न चाहन्छु । यस्तो प्रतिबद्धता सबै प्राध्यापकमा हुनुपऱ्यो । म हाम्रा प्राध्यापक शिक्षकहरूको प्रतिबद्धतामा प्रश्न गरिरहेको छैन । तर आर्थिक, राजनीतिक, पारिवारिक दबाबहरूका कारण जुनप्रकारको उत्प्रेरणा, उच्च गुणस्तरको शिक्षणको दर्शन र अभ्यास हुनुपर्ने हो, वैयक्तिक रूपमा प्राध्यापकहरूबाट मैले त्यस्तो पाइरहेको छैन । चलेगा, भइहाल्छ भनेजस्तो भइरहेको छ । न पढ्नु छ न लेख्नु । जर्नल आर्टिकल, एउटा लेख प्रकाशन हुन मुस्किल छ । ३० वर्ष पढाएर २/३ वटा जर्नल आर्टिकल पनि नलेखेका प्राज्ञिक साथीहरू पनि भेटिनुहुन्छ ।

अध्ययन र अनुसन्धानलाई विश्वास नगर्ने प्राध्यापकले कसरी ज्ञानले पढाउँछ ? ज्ञान त सधैं परिवर्तनशील हुन्छ । यो समस्या हाम्रोमा व्यक्तिगत, संस्थागत र राजनीतिक तहसम्म नै व्याप्त छ । हामी एकप्रकारले शैक्षिक संकटको अवस्थामा छौं । शैक्षिक सुधार नेपालमा अर्जेन्ट भइसक्यो ।

### हाम्रो अभ्यासका राम्रा पक्ष

राम्रो अभ्यासमा रहेको गुरुकुल र बुद्धको ज्ञान परम्परामा गुरुप्रतिको सम्मान थियो । यहाँनेर बुझ्नुपर्ने कुरा हाम्रोमा सम्मानसँगै आलोचनात्मक क्षमता पनि हुन्थ्यो । यी दुई पक्षबीच कुनै अन्तरविरोध थिएन र हुनुहुँदैन । सम्मानका साथ प्रश्न गर्ने क्षमता हुनु नै आलोचनात्मक क्षमता हो ।

विद्यार्थीले सिक्ने, विभिन्न प्रकारका लेखहरू पढेर प्रश्न, बहस र मन्थन गरिन्थ्यो । यसरी गुरुकुलमा बेस्सरी पढ्ने संस्कारमा हुर्किएको नेपालमा अहिले पठन संस्कृति हराउँदै गयो । कोही कोही एक्कादुक्का बाहेक पढ्छु भन्ने हबी भएको मान्छे फेला पार्न नै गाह्रो छ । पढ्छु भन्ने विश्वविद्यालयकै प्रोफेसरहरू विरलै भेटिन्छन् । पढ्छु, लेख्छु, अनुसन्धान गर्छु भन्ने मान्छे फेला पार्नै गाह्रो छ ।

पहिला गुरुकुलमा असाध्यै मिहिनेत गरेर पढ्ने, वाचन गर्ने, एकले अर्कालाई सुनाउने, एक-अर्काको गाथा गर्ने अभ्यास थियो, त्यो वास्तवमा आलोचनात्मक चेत हो । पढेर आफू सूचित भएर आफ्नो विचार अर्कोलाई भन्ने र अरूको सुनेर मन्थन गर्ने अभ्यास अहिले बाँकी छैन । अहिले कसरी हुन्छ खतरा खालको भनिने स्कुलमा जाने, कसरी ए प्लस ल्याउने र सामाजिक सञ्जालमा प्रचार गर्ने । एकदमै यान्त्रिक र कारोबारी । एकदमै नवउदारवादी र पूँजीवादी । ज्ञानभन्दा उपलब्धि र प्रतिष्ठाद्वारा उत्प्रेरित भयो ।

हामीले ज्ञानले मेरो बच्चालाई कस्तो बनायो भनेर प्रश्न गर्नुपर्छ । शिक्षाको मूल्य, सामाजिक संस्कृति पुनर्स्थापित गर्नुपर्छ । यी विषयमा म गहिरो गरी चिन्तित छु । सरकार, स्कुल, कलेज, विश्वविद्यालयले गर्न सकेन । हाम्रा दुइटा अन्तरविरोध छन् । एउटा, समाजले शिक्षालाई असाध्यै गम्भीरतापूर्वक भ्यालु गर्छ । यहाँ नपढ्नु भनेको बिग्रनु हो । विवाह गर्न पनि कति पढेको भनेर सोध्छन् । यसप्रकारको शैक्षिक मूल्य नेपालमा मात्रै नभएर दक्षिणएशियाभरी नै छ । मानिसको जीवनको सफलता र असफलताको निर्धारक पढाइलाई बनाइन्छ । शिक्षा प्रतिष्ठाको विषय बनेको छ ।

फलानो दमाईको छोरोले पीएचडी गऱ्यो रे भनेर बाहुनहरूले आश्चर्य जनाउनु भनेको के हो ? सामाजिक विभेद अर्थात् जात व्यवस्थालाई पनि शिक्षाले चुनौती दिन सक्छ भन्ने राम्रो प्रभाव हो । अर्को अन्तरविरोध- शिक्षा पैसा कमाउने साधन पनि बनेको छ न कि ज्ञान उत्पादनको साधन । हाम्रो समाजबाट कति जना विश्वप्रसिद्ध स्कलर जन्मिए ? बुद्ध जस्ता एक किसिमका गड फिगरलाई छाडिदिऊँ । विश्वका स-साना देशबाट नोबेल पुरस्कार जित्ने कैयौं स्कलर छन् । पोर्चुगलदेखि बंगलादेशसम्मबाट नोबेल पुरस्कार पाएका छन् । तर हाम्रा समाजले सकेको छैन । जुनसुकै विधामा पनि 'वैश्विक प्राधिकार' बन्न सकेका स्कलर छैनन् ।

हामीसँग यो खालको सामाजिक मूल्य नै भएन । किनभने पढेपछि प्रतिष्ठा हुन्छ, जागिर पाउँछ र कमाउँछ भन्ने निर्वाहमुखी र धनलाई केन्द्रमा राख्ने शिक्षा भयो । शिक्षा ज्ञान उत्पादनका लागि भएन । पब्लिक गुडको लागि शिक्षा भएन । जस्तै, मैले पढेको जानेको कुरा म र मेरो परिवारलाई मात्रै नभएर समाजकै लागि हो । किनकि शिक्षा सार्वजनिक सम्पत्ति हो भनेर लेख्छौं, बोल्छौं र पढाउँछौं । तर त्यस्तो भइरहेको छ त ?

म लमजुङको एउटा गाउँबाट आएको मान्छेले सिंगापुर नेशनल युनिभर्सिटी र क्याम्ब्रिज युनिभर्सिटीमा पढाउन पाएँ । यदि पढाइ नभएको भए म पढाउन होइन, त्यहाँ गएर पढ्न पनि पाउँदिनँ थिएँ । शिक्षा यति बलियो शक्ति हो ।

छोरालाई एमबीबीएस पढायो भने महिनाको यति कमाउँछ भने जस्तो गरिन्छ । हामी यस्तो मानसिकताको पक्षमा कसरी उभिन सक्छौं ? सन्तानलाई डाक्टर पढाउने पैसा कमाउन हो र ? यो त सेवा हो । पैसा त मानिसले आफ्नो ज्ञान र विशेषज्ञताको लागि पाइहाल्छ ।

यसरी, एकातिर पढाइ भएन भने मान्छे बिग्रियो भनेर शिक्षाको उच्च मूल्याङ्कन गरिन्छ भने अर्कोतिर शिक्षाको मौद्रिकीकरण पनि भइरहेको छ । शिक्षालयले पढाएबापत पैसा कमाउँछन् भन्ने एउटा पाटो हो । मैले यहाँ आधारभूत तहमा कुरा गरिरहेको छु । हामी बच्चाहरूलाई नबिग्रोस्, पढेन भने न विवाह गर्न पाउँछ न जागिर खान । उसको सामाजिक प्रतिष्ठामा पनि क्षति पुग्छ । साथै, मेरो छोरो पढेर इन्जिनियर भयो भने यति कमाउँछ भन्ने हुन्छ ।

कहिल्यै पनि पढाइलाई यो महान् सामाजिक सार्वजनिक वस्तु हो, यसले समाजलाई बदल्न सक्छ भनेर हाम्रो समाजले लिनै सकेन । यो हाम्रो शिक्षाको आधारभूत समस्या हो । राम्रो पाठ्यक्रम किन बन्दैन, यहाँका मान्छे ग्लोबल स्कलर किन हुँदैनन् ? हाम्रा मान्छेहरू यहाँबाट गएर ठूलठूला थिंक ट्यांकहरूमा किन बस्न सक्दैनन् ? किन संसारले नेपाली थिंकर भनेर चिन्न नसकेको हो ?

यसको कारण हाम्रो सामाजिक मूल्य कमजोर भएर हो । अत्यधिक कारोबारी र पैसामुखी भएर हो । शिक्षा र शैक्षिक नीतिहरूको उद्देश्य नागरिकलाई सशक्तीकरण र समाज रूपान्तरण गर्ने हुनुपर्छ न कि धन र प्रतिष्ठा कमाउने साधनका रूपमा । नेपालमा शिक्षाको मूल्य पैसामा बढी, वास्तविक सिकाइ र रूपान्तरणमा कम केन्द्रित भएको छ । यस्तो भएपछि कसरी शिक्षाले नतिजा निकाल्न सक्छ ?

केही राम्रा मान्छे पनि छन् । मैले केवल आम प्रवृत्तिको कुरा गरेको हुँ । ८० प्रतिशतले बच्चालाई पढाउने जागिर पाउन, राम्रो केटाकेटीसँग विवाह गर्न र पैसा कमाउन नै हो भन्ने बुझ्ने-बुझाउने गरिरहेका छन् भने, यसरी सामान्यीकरण किन नगर्ने ? पैसा कमाउने मात्रै भन्दा माथि उठेर किन र कसरी शैक्षिक संस्कृति, अभ्यासहरू बदल्दै देशमा शैक्षिक सुधार गर्न सकिन्छ भन्ने राजनीतिक नेतृत्व हाम्रो देशमा अभाव छ ।

### पहिले के सुधार्ने: शिक्षा कि राजनीति ?

हाम्रो समाजको लागि कस्तो शैक्षिक प्रणाली र शिक्षा चाहिन्छ ? यो एकदमै गम्भीर प्रश्न हो । हाम्रो परिवार, समाज र समुदायमा म पढ्ने वा मेरो सन्तान पढ्ने पैसा कमाउन मात्र होइन भन्ने फन्डामेन्टल 'भ्यालु सिफ्टिङ' चाहिएको छ । यदि शिक्षामा सुधार भयो भने राजनीति सुन्छ । तर यो अण्डा पहिला कि चल्ला भने जस्तै हो ।

जब हामी व्यवहारमा हेर्छौं, पाठ्यक्रम राजनीतिज्ञ र कर्मचारीले नै सुधार गर्नुपर्छ । तर नेपालमा न राजनीतिले सही काम गरिरहेको छ न कर्मचारीतन्त्रले । यहाँ कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वको बीचमा धेरै वर्षदेखि उत्पादनमूलक सञ्चार नै हुनसकिरहेको छैन । यो ठूलो समस्या हो ।

कर्मचारीतन्त्रभित्र 'टप डाउन एप्रोच' छ । त्यसैले त्यहाँ लोकतन्त्रीकरण चाहिएको छ । शिक्षा मन्त्रालयदेखि मातहतका सबै निकायमा यही समस्या छ । परम्परागत र नियन्त्रणमुखी मानसिकता व्याप्त छ । समाज लोकतन्त्रीकरण भएको छ तर कर्मचारीतन्त्रमा छैन । त्यसैले राजनीतिक सुधारको लागि कर्मचारीतन्त्रको लोकतन्त्रीकरण अत्यन्त जरूरी भइसकेको छ । शैक्षिक सुधार कसले गर्ने भनेर अल्झने होइन । सबैले आ-आफ्नो ठाउँबाट सुरु गरिहाल्ने हो । यसको लागि कुनै शुभमुहूर्त कुर्न आवश्यक छैन । किनकि हामी निकै पछि परिसकेका छौं ।

सुरुमा हामीलाई केही शैक्षिक च्याम्पियनहरू चाहिन्छन् । प्राध्यापकहरूले विश्वविद्यालयमा आफ्नो मनको कुरा बोल्न सक्नुपर्छ । उनीहरू स्वतन्त्र हुनुपर्छ । बौद्धिक रूपमा इमानदार हुनुपर्छ । हामी विश्वव्यापी रूपमा पहिचान र सम्मान छ भन्ने स्वीकारोक्ति सहितको व्यवहार गर्नुपर्छ । आफ्नो अध्ययन अनुसार आफ्नो ब्रह्मले देखेको भन्न सक्नुपर्छ । त्यही भएर यो पेशा यति सम्मानित भएको हो ।

नेपालका प्राध्यापकहरूको बहुसंख्याले आफ्नो ब्रह्मले देखेको कुरा बोल्नुहुन्छ जस्तो लाग्दैन । म त्यसलाई विश्वास गर्दिनँ । कहाँनेर के बोल्दा मेरो पद जोगिन्छ, म माथि जान सक्छु भनेर बोल्नुहुन्छ । अध्ययन अनुसन्धान प्राथमिकतामै पर्दैन । दलीयकरण र सम्पत्ति थुपार्ने प्रतिस्पर्धाले यो क्षेत्रलाई यतिविघ्न बिगारेको छ ।

न्यून तलबले घरपरिवार चल्दैन । अलिअलि पढाए जस्तो गरेर एनजीओतिर जागिर खायो । कन्सल्ट्यान्ट बन्यो । कति त हेलमेट टिचर भइहाले, जागिर सरकारीमा पढाउने प्राइभेट कलेजतिर ! यसको फराकिलो अर्थ-राजनीतिक विश्लेषण गर्नुपर्छ । हाम्रोमा राजनीतिक परिवर्तनको प्रभाव शिक्षा प्रणालीमा परेन । अझ सकारात्मक ढंगले त पर्दैपरेन । हाम्रो शिक्षा प्रणालीमा दुइटा अति छ । पहिलो, असाध्यै परम्परागत पाठ्यक्रम लिएर त्रिभुवन विश्वविद्यालय हिंडिरहेको छ । अन्तरविरोध के छ भने फेरि त्यहाँभित्र निजीकरण र नवउदारवादी प्रणाली छ । निजी क्याम्पसहरू घोकन्ते शिक्षा प्रणालीबाट अगाडि जान सम्बन्धन पाउँछन् ।

यसरी हाम्रो शिक्षा नीति एकदमै प्यारालाइज्ड छ । एकातिर सरकारले स्वामित्व लिएका क्याम्पस र विश्वविद्यालय हुनुपर्छ भन्ने र अर्कोतिर बजारलाई पनि छाडिदिनुपर्छ र निजी शिक्षालयहरू आउनुपर्छ भन्ने कुरा पनि छ । जुन विश्वव्यापी अभ्यासमा पनि छ । शिक्षामा दुवै कुरा सँगसँगै गइरहेको छ । नेपालको राजनीतिक परिवर्तन शैक्षिक परिवर्तनमा प्रतिबिम्बित भएको छैन ।

नवउदारवादको सन्दर्भमा शैक्षिक सुधारमा 'शिक्षा पहिला' नीति अनिवार्य लागू गर्नुपर्छ । विदेशबाट इन्नोभेटिभ उच्च शिक्षा स्वदेश फर्काउन संस्थागत व्यवस्थापनको सशक्तीकरण यहाँ महत्वपूर्ण हुन्छ नै । यसले स्वदेशी संस्थाहरूलाई प्रतिस्पर्धाको माध्यमबाट सुधार्दै गुणस्तर बढाउन मद्दत गर्नेछ । यसले केही हदसम्म विद्यार्थीको वैदेशिक बहिर्गमनलाई पनि नियन्त्रण गर्न मद्दत गर्छ ।

### कस्तो शैक्षिक मोडल ?

नेपालको शैक्षिक आर्किटेक्चरलाई नेपाली मौलिकतामा संरचित गर्नुपर्छ । नेपालमा शिक्षामा सबै राज्यले स्वामित्व लिने कुरा सम्भव छैन । स्क्यान्डेभियन मुलुक, जस्तो कि जर्मनीमा शिक्षा नि:शुल्क छ । तर नेपाल कहाँ पुगिसक्यो भने यहाँ हजारौं कलेज र स्कुलहरू निजीकरण भइसके । भारत पनि पूरै त्यही प्रणालीमा अगाडि बढिरहेको छ । नेपालमा भारतको प्रत्यक्ष भूराजनीतिक र आर्थिक प्रभाव देखिन्छ ।

नेपालमा निजी क्षेत्रले दिइरहेको उच्च गुणस्तरको शिक्षा सरकारले दिन सकेन । किनकि सरकार त्यति कामकाजी छैन । निजी शैक्षिक संस्थाले राम्रो शिक्षा दिनसक्छ र इन्नोभेसन त्यहींबाट आउँछ । बजारकेन्द्रित शिक्षाले अमेरिका, अष्ट्रेलियामा बजार देख्छ ।

अष्ट्रेलियामा प्राय: कलेजहरू सरकारी छन् तर अमेरिकाका चर्चित विश्वविद्यालयहरू नै निजी छन् । हार्वार्ड, एमआईटी लगायतका कलेजहरूको सञ्चालनको पद्धति नाफारहित अवधारणाद्वारा सञ्चालित छन् तर सबै निजी हुन् । बतेको १०० वर्षको शैक्षिक नेतृत्व अमेरिकाका हार्वर्ड, एमआइटी, स्टान्फोर्ड सबै निजी हुन् । बेलायतमा हेर्दा अक्सफोर्ड, क्याम्ब्रिज इन्डिपेन्डेन्ट पब्लिक हुन् ।

नेपालबाट किन यति धेरै विद्यार्थी बाहिर गइरहेका छन् ? राजनीतिक भद्रगोल, अर्थ-सामाजिक अवस्था सँगै नेपालको कमजोर शैक्षिक गुणस्तर पनि यसका लागि जिम्मेवार छन् । किनकि नेपालको शैक्षिक नीति द्विविधामा छ । शिक्षा पूर्ण नि:शुल्क हो कि निजी क्षेत्र पनि रहन्छ ? अथवा निजी र सार्वजनिकको कस्तो प्रकारको 'मिश्रण' नेपालको लागि उपयुक्त होला ?

अमेरिका, अष्ट्रेलिया जस्ता देशमा पनि निजी र सार्वजनिक दुवै विश्वविद्यालय छन् । निजी भनेको स्वतन्त्र अदृश्य हातहरू मात्रै होइन, राज्यको नियमन पनि चाहिन्छ । मेरो विचारमा अहिले तत्काल शिक्षामा निजीकरणलाई रोक्न सकिन्न । निजीलाई नियमन गरेर उच्च गुणस्तरीय बनाउनुपर्छ । बेलायत र अष्ट्रेलियामा निजी शिक्षा कमजोर देखिन्छ । नेपालमा पनि निजी कलेज र तालिम केन्द्रहरूको अवस्था असाध्यै कमजोर छ । सरकारको नियमन स्पष्ट बनाउने हो भने निजी शिक्षालयबाट इन्नोभेसन आउन सक्छ । बजारको क्षमता र साधन-स्रोत आउन सक्छ ।

अहिले नेपालमा यस्तो किसिमको मिश्रण चाहिन्छ कि सार्वजनिक शिक्षालाई अझ सशक्त रूपमा निरन्तरता दिनुपर्छ । त्रिभुवन विश्वविद्यालयलाई साधन-स्रोत सम्पन्न बनाउनुपर्छ । संस्थागत मोडालिटी पनि बदल्नुपर्छ । *(साभार: अनलाइनखबर)*

# शारदा माविले जित्यो जिल्लास्तरीय शिक्षक भलिबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ हेटौंडामा सम्पन्न पाँचौ जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको उपाधि शारदा मावि, मकवानपुर गढी-५ ले जितेको छ ।

हेटौंडा-४, स्थित हुप्रचौरमा शनिवार भएको फाइनल खेलमा छिमेकी विद्यालय भानु मावि मकवानपुरगढी-३ लाई पराजित गर्दै शारदाले उपाधि जितेको हो । खेलमा शारदले २५-११, १९-२५ र १५-५ को सेटमा पराजित गर्दै नगद २५ हजारसहित उपाधिमा कब्जा जमाएको हो । उपविजेता भानुले नगद १५ हजार सहित शिल्ड तथा प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगिताको विजेता तथा उपविजेतालाई बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले पुरस्कार वितरण गरेका थिए ।



हेटौंडा उपमहानगरपालिका-४ को आयोजना, शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापन र आधुनिक राष्ट्रिय माविको सह-व्यवस्थापनमा प्रतियोगिताको आयोजना भएको हो । प्रतियोगितामा बेस्ट स्पाईकर भानु माविका सुमन थिङ, बेस्ट सटर शारदाका रामचन्द्र छत्कुली तथा सर्वोत्कृष्ट खेलाडी शारदाका आशिष घलान भए । उनीहरुले जनही नगद ५ हजार पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताको समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि पौडेलले शिक्षकको बीचमा हुने यस्ताखाले प्रतियोगिताले शिक्षकको आपसी सम्वन्धमा थप मद्दत पुग्ने बताए । शिक्षक पनि शारीरिकरुपमा तन्दुरुस्त रहनको लागि खेलकुदको गतिविधिमा सहभागिता जनाइराख्न यस्ता प्रतियोगिता फाइदाजनक हुने उनको भनाई छ ।

कार्यक्रममा वडा नम्बर-४ का वडाध्यक्ष नवीन सिग्देल, शैक्षिक सुधार समितिका संयोजक श्रीराम दाहाल, प्रतियोगिता संयोजक राजाराम पोखरेल, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख यम सिलवाल लगायतको आतिथ्यता रहेको थियो ।

# बस्तीपुरमा उद्यमशीलता तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुरमा थोरै लगानीमा गर्न सकिने साना व्यवसाय प्रवर्द्धनका लागि शनिबारदेखि उद्यमशीलता तथा सीप विकास तालिम सुरु भएको छ ।

प्रदेश युवा परिषद् बागमतीको आर्थिक सहयोग एवम् हेडम्वा डेभलपमेन्ट एडभाइजर फाउन्डेसनको आयोजनामा तालिम सुरु भएको हो । तालिमको उद्घाटन गर्दै प्रदेश युवा परिषद् बागमतीका कार्यकारी अध्यक्ष सन्तोष चौलागाईंले थोरै लगानी गरेर साना व्यवसाय गर्न खोजिरहेको नव उद्यमीका लागि लक्षित गरी यो सात दिने तालिम सञ्चालन गरिएको बताए । उनले तालिमले व्यावसायिक जीवनमा प्रवेश गर्न सहज हुने जिकिर गर्दै मेहनत गर्ने सोचकासाथ उद्यम सुरु गरेमा सफल हुन सक्ने विश्वास व्यक्त गरे । मेहनतीका लागि सधैं उद्यमको सम्भावना रहेकोले युवालाई उद्यम सुरु गर्न उनले अनुरोध गरे ।

तालिममा नवउद्यमीका व्यवसाायिक योजना, व्यवसाय गर्दा ध्यान दिनुपर्ने क्षेत्रहरू, व्यवसायमा जोखिम तथा जोखिम व्यवस्थापन, व्यवसाय दर्ता प्रक्रिया तथा सरकारी नीतिनियमबारे सहजीकरण गरिने छ । चटपटे, पानीपुरी, मम, आलुचप लगायत ठेला तथा साना घुम्ती पसल गरिरहेका र गर्न चाहनेलाई लक्षित गरेर तालिम सञ्चालन गरिएको हेडम्वा डेभलपमेन्ट एडभाइजर फाउन्डेसनका अध्यक्ष अनन्तकुमार बानियाँले जानकारी दिए । तालिममा मनहरी, पदमपोखरी, बस्तीपुर, हाँडीखोला र बसामाडीका २० जना युवाको सहभागिता रहेको छ ।

तालिम उद्घाटनमा टोल विकास संस्था नगरसमन्वय समिति सदस्य अन्जु पण्डित, जनजागरण दुग्ध उत्पादन सहकारी संस्था अध्यक्ष देवेन्द्र अर्याल, निर्मल बहुमुखी क्याम्पसका स्ववियु सभापति सरोज अर्याललगायतको उपस्थिति थियो ।

# यू-१६ साइकल दौडमा आयुस दास प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ हेटौंडामा पहिलोपटक १६ वर्ष मुनिका साइकल चालकबीच भएको प्रतियोगितामा आयुस दास प्रथम भए । २५ साइकल चालकलाइ पछि पार्दै प्रथम भएका दासले पौने तीन किलोमिटरको दुरी ५ मिनेट २७ सेकेन्डमा पार गरे ।



हिमालयन राइडर्स सोसाइटी मकवानपुरको आयोजनामा शनिवार विहान हेटौंडा-४ हुप्रचौर परिसरमा भएको प्रतियोगितामा ५ मिनेट ४४ सेकेन्डमा दुरी पार गर्दै अनमोल दास द्वितीय, ५ मिनेट ४७ सेकेन्डमा रिजन फुँयाल तृतीय भए । त्यस्तै प्रतियोगितामा ५ मिनेट ४८ सेकेन्डमा दुरी पारगर्दै बरुण श्रेष्ठ चौथो, ५ मिनेट ४९ सेकेन्डमा सोहन अग्रवाल पाँचौं भए । प्रतियोगितामा साइष्टु घिमिरे र गरिमा गौतमलाई महिला सहभागिताका लागि प्रमाणपत्र प्रदान गर्दै हौसला प्रदान गरिएको थियो ।


प्रतियोगिताका बिजेता प्रथमले ५ हजार रुपैयाँ, द्वितीयले ३ हजार रुपैयाँ र तृतीयले २ हजार रुपैयाँ नगद पाए । नगर खेलकुद विकास समितिका अध्यक्ष रबिन्द्र घिमिरेले विजयीहरुलाई नगद, प्रमाणपत्र र मेडल प्रदान गरे । प्रतियोगितामा मकवानपुरभित्र स्थायी बसोबास गर्ने, १० वर्षदेखि १६ वर्ष उमेरसमूहका २६ बालबालिका सहभागि भएको हिमालयन राइडर्स सोसाइटी मकवानपुरका उपाध्यक्ष राजु थापामगरले जानकारी दिए ।

स्वास्थ्य र पर्यावरणका लागि साइकल प्रयोग गर्न प्रेरित गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिए । सोसाइटीले संयोजन गरेर रसुवागढी (तिब्बतको केरुङ नाका) देखि पर्साको ठोरी नाकासम्म १० जनाले उत्तर दक्षिण साइकलयात्रा, १३ जनाको सहमागितामा मेची-महाकाली साइकलयात्रा सम्पन्न गरिसकेको छ । सोसाइटीले हरेक वर्ष कोरा च्यालेन्ज, हरेक शनिबार फन राइड (साइकलयात्रा) गर्दै आएको छ । सोसाइटीको स्थापना भएको ३ वर्ष भएको छ ।

# कर्णालीमा माओवादीले सभामुख मागेपछि सरकार गठनमा ढिलाइ

सुर्खेत/कर्णालीमा सत्ता साझेदार दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच भागबण्डामा कुरा नमिल्दा नयाँ सरकार निर्माणमा ढिलाइ भएको छ ।

माओवादी संसदीय दलका नेता राजकुमार शर्माले बुधबार मुख्यमन्त्रीबाट राजीनामा दिएपछि बिहीबार एमाले संसदीय दलका नेता यामलाल कँडेलले मुख्यमन्त्रीका लागि दाबी पेश गर्ने तयारी गरेका थिए ।





तर नेताहरुबीच भागबन्डा नमिल्दा कँडेलले मुख्यमन्त्रीमा दाबी पेस गर्न सकिरहेका छैनन् । नयाँ सरकार गठनका लागि किन ढिलाइ भएको भन्ने जिज्ञासामा नेता कँडेल भन्छन्, 'नीतिगत रूपमा रोकिनुपर्ने त कुनै कारण छैन । तर किन रोकिएको छ मलाई नै थाहा छैन ।'

उनले माओवादीका कारण मुख्यमन्त्रीमा दाबी पेश गर्न कठिन भएको खुलाए । 'कर्णालीमा सत्ता फेरबदल हाम्रो तहबाट भन्दा पनि केन्द्रीय सहमति अनुसार भएको हो । सोही अनुसार उहाँ (राजकुमार शर्मा)ले राजीनामा पनि दिनुभयो' कँडेलले भने, 'तर दाबी पेस गर्ने सवालमा किन रोकिरहनुभएको छ । मैले पनि बुझ्न सकिरहेको छैन ।'

यद्यपि दुई दलबीच प्रदेशमा आपसी सहमति गर्नुपर्ने सवालहरू भए पनि मुख्यमन्त्री नियुक्ति पछि गर्न सकिने कँडेल बताउँछन् ।

माओवादी केन्द्रका कर्णाली इन्चार्ज कालीबहादुर मल्लका अनुसार सरकार गठनका विषयमा छलफल गर्ने जिम्मा माओवादी संसदीय दलका नेता राजकुमार शर्मालाई दिइएको छ । शुक्रबार एमालेसँग यस विषयमा छलफल भएको आफूले जानकारी पाएको उनले बताए ।

'उहाँहरु छलफलमा हुनुहुन्छ । सरकारमा सहकार्य कसरी गर्ने भन्ने विषय नटुंगिएकाले नै ढिला भएको हो', उनले भने ।

प्रदेश प्रमुख तिलक परियारले बुधबार मुख्यमन्त्री शर्माले दिएको राजीनामा स्वीकृत गर्दै नयाँ सरकार गठनका लागि सात दिनको समय दिएका छन् । तर शर्माले राजीनामा दिएको चार दिन बित्दा पनि एमालेले नयाँ सरकार गठनका लागि दाबी पेश गर्न सकिरहेको छैन ।

केन्द्रको सहमति अनुसार एमालेलाई सत्ता हस्तान्तरण गर्न नचाहेका शर्माले प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको कडा निर्देशन पछि अन्तिम समयमा आएर राजीनामा दिएका थिए । अहिले माओवादी संसदीय दलका नेता शर्माले नयाँ सरकार गठन अगाडि नै प्याकेजमा सहमति खोज्दा नयाँ सरकार गठनमा ढिलाइ भएको एमालेका नेताहरू बताउँछन् ।

माओवादीले कर्णालीमा सभामुख र बजेट धेरै हुने चार वटा मन्त्रालय माग गरेको छ । 'कर्णालीमा हाम्रो पार्टी आफैंमा एमालेभन्दा ठूलो छ । सभामुख, मन्त्रालयको संख्या र आलोपालो मुख्यमन्त्रीको टुङ्गो नलगाएसम्म नयाँ सरकार गठन प्रक्रिया अगाडि बढ्न सक्दैन । हाम्रो कुरा प्रस्ट छ', माओवादीका एक सांसद भन्छन् ।

**दोहोरिएको नियती**

आफूहरुको मागबारे एमालेले सहमति जनाएपछि मात्र मुख्यमन्त्रीमा समर्थनको पत्र दिने माओवादीका ती सांसदले बताए ।

गत पुस ०७९ मा कर्णाली सरकारको नेतृत्व पाँचै वर्ष माओवादीले लिने सत्ता गठबन्धन दलहरूबीच केन्द्रमा सहमति भएको थियो । तर त्यो बेला नेता कँडेलले कर्णालीमा आलोपालो सरकारको नेतृत्व गर्नुपर्ने र सभामुख सहित तीन वटा रोजेका मन्त्रालय एमालेले पाउनुपर्ने अडान राखेपछि त्यसै अनुसार सहमति भएको थियो । उक्त सहमतिपछि मात्र एमालेले माओवादी नेता शर्मालाई मुख्यमन्त्रीमा दाबी पेश गर्न संसदीय दलको समर्थन पत्र दिएको थियो । त्यसपछि २७ पुसमा शर्मा मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

त्यो बेला कँडेल र शर्माबीच आलोपालोको सरकार चलाउने सहमति गर्ने र मन्त्रालय संख्या ८ बाट ७ मा झार्ने लगायतका सहमति भएको थियो । तर सो निर्णय भएको दुई महिना नपुग्दै केन्द्रमा माओवादी र एमालेबीच बनेको गठबन्धन भत्किएपछि सो निर्णय कार्यान्वयन भएन ।

अहिले घुमिफिरी कँडेलमाथि त्यही नियति दोहोरिएको माओवादी नेताहरू बताउँछन् । 'प्याकेजमा सहमतिको सुरुवात त कँडेल कमरेडले नै गर्नुभएको हो नि । अहिले उहाँ केन्द्रको सहमति अनुसार जानुपर्ने भन्नुहुन्छ । त्यो बेला उहाँले केन्द्रको सहमति मान्नु पर्दैनथ्यो ?', माओवादीका एक पूर्वमन्त्री भन्छन्, 'अहिले उत्पन्न परिस्थिति कँडेल कमरेडले नै सिर्जना गरेको हो ।'

**सरकार गठनको अचानोमा सभामुख**

कर्णालीमा मुख्यमन्त्री सहित आठ मन्त्रालय छन् । प्रदेशमा माओवादीले सभामुख, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास, सामाजिक विकास र उद्योग, पर्यटन, वन तथा वातावरण वा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमध्ये पाउनुपर्ने दाबी गरेको छ ।

आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने विषयमा पनि लिखित सहमति हुनुपर्ने अडान माओवादीको छ । अहिले कर्णाली प्रदेश सभाको सभामुख एमालेबाट नन्दा गुरुङ छिन् । एमाले माओवादीलाई रोजेको मन्त्रालय दिन तयार भए पनि सभामुख भने छोड्न तयार छैन । सभामुख गुरुङको एक वर्षे कार्यकालमा 'पर्फमेन्स' कमजोर देखिएको माओवादी नेताहरूको ठहर छ । एमाले नेता कँडेलकी विश्वास पात्र गुरुङ सभामुखमा रहँदा एमाले-माओवादीबीच शक्ति सन्तुलन पनि नमिल्ने माओवादीको तर्क छ ।

सत्ता र सभा आफ्नो हातमा भए नेता कँडेलले दुवैतर्फबाट माओवादीलाई पेलानमा पार्ने माओवादीका एक नेताले बताए । 'एकातिर सभामुखज्यूको 'पर्फमेन्स' पनि निकै कमजोर देखियो अर्को तिर सरकार र प्रदेशसभा दुबैमा कँडेल कमरेडको पकड भयो भने त दुई दलबीच पावर शेयरिङ पनि त मिलेन नि', ती नेताले भने, 'सत्ता साझेदार दलहरूबीच पावर शेयरिङ त मिल्नु पर्‍यो नि ।'

तर एमाले भने सरकार फेरबदल भए पनि सभामुख पदका विषयमा बार्गेनिङ गर्नु बेठीक भएको बताउँछ । पाँच वर्षका लागि चुनिएको सभामुखलाई केन्द्रमा सत्ता फेरबदल हुने बित्तिकै राजीनामा गराउन थाले यो संसदीय व्यवस्थाकै भत्ता मजाक हुने राजनीतिक विश्लेषक कमल लम्साल बताउँछन् । 'सरकार फेरबदल हुनु स्वाभाविकै हो । तर दलहरूबीचको भागबण्डा मिलाउनकै लागि सभामुखलाई राजीनामा गराउनु यो त संघीयताकै कुरूप अभ्यास हुन्छ,' लम्साल भन्छन् ।

प्रदेशसभामध्ये एकमात्र महिला सभामुखलाई यसरी राजीनामा दिन लगाउँदा राम्रो सन्देश नजाने उनी बताउँछन् । 'केन्द्रमा सत्ता समीकरण बदलिदा पनि अन्य प्रदेशमा सभामुखलाई खासै चलाएको देखिदैन । कर्णालीमा पनि चलाउनुहुन्न,' लम्साल भन्छन् ।

**परीक्षामा यामलाल**

संघीय मन्त्रीसमेत भइसकेका नेता कँडेल कर्णालीका वरिष्ठमध्येका नेता हुन् । मुख्यमन्त्री बन्ने इच्छासहित २०७४ मै प्रदेश सभामा चुनाव लडेका कँडेलले अघिल्लो कार्यकाल एमाले एक्लैले बहुमत प्राप्त गर्दा पनि सरकारको नेतृत्व गर्ने अवसर पाएनन् ।

पछिल्लो समय केन्द्रमा बदलिएको सत्ता समीकरणले कँडेललाई प्रदेश सरकारको नेतृत्व गर्ने अवसर जुरेको छ । हक्की स्वभावका नेता कँडेल पार्टीको आन्तरिक राजनीतिमा भने सबल नै देखिन्छन् । कार्यकर्ताहरूलाई निर्देशन दिने, उनीहरूको व्यवस्थापन गर्ने लगायतका विषयमा कँडेलले प्रभावकारी निर्णय लिएको देखिन्छ ।

तर अन्तर पार्टी समझदारीमा भने कस्तो भूमिका खेल्छन् भन्ने हेर्न बाँकी नै छ । यसअघि लिने भूमिकामा रहेका कँडेल यो पटक दिने भूमिकामा छन् । सत्ता साझेदार हुँदा होस् या प्रमुख प्रतिपक्षीमा रहँदा नै किन नहोस् कँडेलले आफूहरूलाई कहिल्यै साथ नदिएको माओवादी नेताहरू बताउँदै आएका छन् ।

'यामलाल कमरेडले विगतमा कहिल्यै माओवादीलाई साथ दिनुभएन । जहिले पनि भाँजो मात्रै हाल्नुभयो । बरु काँग्रेससँग मिलिहाल्ने तर माओवादीलाई जताबाट पनि अप्ठेरो पर्ने काम गर्नुभयो', माओवादीका एक सांसद भन्छन्, 'अहिले हामीबाट मात्रै सहजता खोजेर त कहाँ हुन्छ र ?'

यसअघि मन्त्रालयको सख्या धेरै भएको भन्दै घटाउनुपर्ने विचार व्यक्त गर्दै आएका कँडेल यस पटक आफैं मुख्यमन्त्री बन्न लागेका छन् । अघिल्लो पटक माओवादीसँग मन्त्रालय घटाउने सहमति गरेका कँडेल आफू मुख्यमन्त्री बनेपछि संसदमा बोलेका कुरा पूरा गर्छन् या भागबन्डा मिलाउन यसअघिकै अभ्यास दोहोर्‍याउँछन् भन्ने विषय हेर्न बाँकी नै छ ।

*(स्रोत: अनलाइनखबर)*

# बालबोधको ६७ औं अभिभावक भेला

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ मकवानपुर जिल्लाको दोस्रो पुरानो विद्यालय बालबोध माविको ६७ औं अभिभावक भेला सम्पन्न भएको छ । हेटौंडा-१७ भुलभुलेस्थित विद्यालय प्राङ्गणमा शनिबार शैक्षिक सत्र २०८० को वार्षिक परीक्षामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्दै कार्यक्रम सम्पन्न भएको हो ।



भेलामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालले आगामी वर्षका लागि विद्यालयको शैक्षिक तथा भौतिक विकासको योजना प्रस्तुत गरेका थिए । अध्यक्ष अर्यालले विद्यालयमा संचालन भइरहेको अंग्रेजी माध्यमलाई व्यवस्थित गर्न नियुक्त गरिएका निजी शिक्षक तथा कर्मचारीको लागि शिक्षक कार्यविधि बनाई लागू गर्नका लागि व्यवस्थापन समितिलाई अधिकार दिन प्रस्ताव गरेका थिए ।

विद्यालयले हाल शैक्षिक गतिविधिलाई व्यवस्थित गर्नका लागि अक्षयकोष स्थापना गर्न विभिन्न व्यक्ति तथा संघसंस्थाबाट सहयोग संकलन समेत गरिरहेको छ । अक्षयकोषलाई थप व्यवस्थित गर्नका लागि पूर्व विद्यार्थीको संगठन बनाई अघि बढ्ने योजना रहेको अध्यक्ष अर्यालले बताए ।

भेलामा प्रधानाध्यापक दीपकलाल श्रेष्ठले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । भेलाले दुवै प्रतिवेदन सर्वसम्मत पारित गरेको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिए । वि. सं. २००८ माघ २३ गते स्थापित विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म ५ सय ३ विद्यार्थी अध्ययनरत छन् ।

# 'डिग्री माइला' नाटकमाथि बनेको फिल्म होइन : दयाहाङ राई

काठमाडौं/२०६९ र २०७१ सालमा गरी दुईपटक मण्डला थिएटरमा मञ्चन भएको नाटक थियो, 'डिग्री माइला' । त्यसबेला सर्वाधिक रुचाइएको यो नाटकलाई अभिनेता दयाहाङ राईले निर्देशन गरेका थिए । अब यही नाटकको नाम र विषयवस्तुमाथि फिल्म बनेको छ, 'डिग्री माइला' । फिल्ममा भने दयाहाङ कलाकारको रुपमा मात्र छन् । 'कबड्डी' श्रृंखलाका रामबाबु गुरुङले फिल्म निर्देशन गरेका हुन् ।



तर, 'डिग्री माइला'को आइडिया नाटक बन्नुभन्दा धेरै अगाडि जन्मिएको दयाहाङको तर्क छ । उनी भन्छन्, 'यो फिल्म नाटकमाथि बनेको होइन । नाटक बन्नुभन्दा अगाडि नै यसको कथामा हामीले काम गरेका थियौं । त्यसबेलाको समय, हाम्रो भोगाई र देखेको कुराहरु विश्लेषण गर्दै जाँदा डिग्री माइला भन्ने क्यारेक्टर जन्मिएको थियो । त्यसपछि हामीले फिल्मको आइडिया बनाएको थियौं ।'

त्यसबेला विभिन्न कारणले फिल्म बन्न नसकेपछि दयाहाङले नाटक बनाए । यद्यपि, फिल्म बनाउने प्रण यतिबेला नै भइसकेको उनी स्मरण गर्छन् । उनी भन्छन्, 'मैले त्यसको पात्र टिपेर नाटक बनाएको हुँ । यद्यपि, यसमा फिल्म बनाउने प्रण त्यतिबेलै गरेका थियौं । पछि 'कबड्डी' बन्न पुग्यो । अहिले आएर फिल्म बन्न जुरेको रहेछ । नाटक र फिल्मको पात्रको मनोदशा र मनोविज्ञान फरक छ ।'

नाटकमा प्रयोग गरिसकेको चरित्रमाथि फेरि फिल्ममा काम गर्दा 'कन्फ्यूजन' नभएको दयाहाङको अनुभव छ । 'नाटक र फिल्मको माध्यम फरक हो । निर्देशकीयदेखि अरु पाटोहरु फरक हुन्छ,' उनले अगाडि भने, 'मैले कल्पना गरेको क्यारेक्टर नाटकमा प्रयोग गरिसकें । फिल्ममा आएको क्यारेक्टरलाई फेरि बनाएर काम गर्नुपर्ने थियो । त्यो दुईवटै फरक पाटो भएकाले 'कन्फ्यूजन' भएन ।'

'डिग्री माइला' नयाँ वर्षको छेको पारेर यही चैत ३० गतेबाट प्रदर्शनमा आउँदैछ । ट्रेलर हेर्दा दयाहाङको चरित्र शिक्षित छ । र, सँगै घमण्डी पनि । यसले कतै पढेलेखेका व्यक्ति घमण्डी हुन्छन् भन्ने भाष्य त बन्दैन ? भन्ने प्रश्नमा दयाहाङ भन्छन्, 'पढेलेखेका मान्छे घमण्डी हुन्छन् भन्ने भाष्यभन्दा पनि उसको असन्तुष्टि के हो र उसले त्यो ठाउँसम्म किन पुर्‍यायो भन्ने चाहिँ महसुस गराउँछ होला ।'

# बझाङको प्रदेशसभा उपनिर्वाचनमा १२ जनाको उम्मेदवारी दर्ता

काठमाडौं/बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं १ मा १५ वैशाखमा हुने उपनिर्वाचनका लागि १२ जनाले उम्मेदवारी दर्ता गराएका छन् । जसमा नेपाली कांग्रेसका अभिषेकबहादुर सिंह, नेकपा एमालेका दमनबहादुर भण्डारी, नेकपा माओवादी केन्द्रका जनकबहादुर बुढा र राष्ट्रिय प्रजातन्त्र पार्टीका किशोर कुमार खड्का रहेका छन् ।

त्यस्तै नेकपा एकीकृत समाजवादीका दिलबहादुर सिंह, जनता समाजवादी पार्टीका रामबहादुर जाग्री, जनमत पार्टीकी सुशीलादेवी विष्ट, नेपाल मजदुर किसान पार्टीका खगेन्द्रबहादुर शाही, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका दीपकबहादुर खड्का, नेशनल रिपब्लिक पार्टीका कमल घर्तीमगर, नेपाली जनता दलका अशोक सुनार र राष्ट्रिय मातृभूमि पार्टीका गजेन्द्रबहादुर थापाले पनि उम्मेदवारी दर्ता गराएका छन् ।

४ मंसिर २०७९ को प्रदेशसभा सदस्य निर्वाचनमा यस क्षेत्रबाट नेपाली कांग्रेसका पृथ्वीबहादुर सिंह निर्वाचित भएका थिए । तर उनको गत ५ असारमा गाडी दुर्घटनामा निधन भएपछि यो क्षेत्र जनप्रतिनिधिविहीन भएको थियो ।

# ओभरसिज राइट्सबाट लगानी उठाउँदै 'मनसरा'

काठमाडौं/विदेशी भूमिमा नेपाली फिल्मको बजार फैलिँदो छ । कुनै बेला च्यारिटी शोमा निर्भर हुने अवस्थाबाट अहिले विदेशी फिल्मसहर नै बक्स अफिसमा रिलिज हुने गरेका छन् ।

यसको फाइदा नेपाली निर्माताहरुलाई भइरहेको छ । किनकि, फिल्मको विदेश राइट्स बिक्री हुने क्रम बढेको छ । सिक्वेल तथा सिरिज फिल्मले त ओभरसिज राइट्सबाटै लगानीको ठूलो हिस्सा उठाइसकेका हुन्छन् ।

'जारी'बाट निर्देशनमा आफूलाई ब्रान्ड बनाएका उपेन्द्र सुब्बाको दोस्रो फिल्म 'मनसरा'को पनि टिजर रिलिज भएपछि विदेशमा माग बढेको छ ।

यसैबीच, सेभेन सिज इन्टरटेनमेन्टले अमेरिका, अष्ट्रेलिया तथा मध्यपूर्वका देशहरुका लागि फिल्मको प्रदर्शन अधिकार खरिद गरेको छ । शनिबार निर्देशक सुब्बा र सेभेन सिजका प्रतिनिधि रमेश चौलागाईले वितरणसम्बन्धी सम्झौतामा हस्ताक्षर गरे ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# शैक्षिक सहयोग अक्षयकोषको पाँचौं वार्षिक साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ शैक्षिक सहयोग अक्षयकोष नेपाल मकवानपुरको पाँचौं वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षता एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

साधारणसभामा प्रमुख अतिथि पौडेलले पवित्र उद्देश्यकासाथ स्थापना भएको कोषलाई अगाडि बडाउन सबैले सहकार्य गर्नुपर्ने बताए । उनले शिक्षाको अवसरबाट कोही पनि बञ्चित हुन नपरोस् भन्ने पवित्र उद्देश्य रहेको भन्दै यसमा सबैको सहकार्य जरुरी रहेको बताए । मकवानपुरमा आवश्यक्ताका आधारमा संस्था स्थापना भएकाले यसलाई जीवन्त बनाउँदै थप सुदृढ बनाउन सबैको प्रयास र प्रयत्न आवश्यक रहेको उनको भनाई थियो ।

पौडेलले मकवानपुरमा शिक्षाको अवसरबाट बञ्चित विपन्न, अनाथ, विभिन्न कारणले अभिभावक गुमाएका, विस्थापित एवम् जोखिममा रहेका बालबालिकाका लागि संस्थाले महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गरे । छोटो समयमा संस्थाले सबै तह र क्षेत्रको सहयोग अनुकरणीय कार्य गरेको उनको भनाई थियो । उनले विद्यार्थीलाई छात्रवृत्तिसँगै अभिभावकलाई पढाइप्रति प्रेरणाको खाँचो औंल्याउँदै यसतर्फ पनि ध्यान दिन संस्थालाई आग्रह गरे ।

कार्यक्रममा संस्थाका अध्यक्ष खुलालले शिक्षाको अवरबाट बञ्चित विपन्न, असहाय अनाथ, विभिन्न कारणले अभिभावक गुमाएका, विस्तापित एवम् जोखिममा रहेका बालबालिकालाई न्युनतम शिक्षाको अवसर दिलाउने तथा शिक्षाका अन्य क्षेत्रमा समेत सहयोग पुऱ्याउने उद्देश्यका संस्था स्थापना भएको बताए । उनले आगामी दिनमा संस्थामा आवद्ध भएर जिल्लाको शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउन सबैलाई आग्रह गरे ।

साधारणसभामा संस्थाका सचिव बद्री पाठकले सचिवको र कोषाध्यक्ष रामकृष्ण थापाले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन पारित भएको छ । संस्थाको अक्षयकोषमा हालसम्म करीब १६ लाख रुपैयाँ जम्मा भइसकेको छ । संस्थामा हालसम्म आजीवन सदस्य ८० जना, विशिष्ट सदस्य १० जना, साधारण सदस्य १७ जना र संस्थागत सदस्य २४ जना गरी कुल १३१ जना सदस्य आवद्ध भएका छन् ।

### ९ जनालाई छात्रवृत्ति प्रदान

साधारणसभाका अवसरमा संस्थाले मकवानपुरका कक्षा १० देखि १२ सम्मका ९ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । संस्थाले कक्षा ११ र १२ का ६ जनालाई जनही १० हजारका दरले र कक्षा ९ र १० का ३ जनालाई ८ हजारका दरले छात्रवृत्ति प्रदान गरेको हो ।

संस्थाको कार्यविधि अनुसार निवेदन आव्हान गरेकामध्ये छनोट समितिको सिफारिसअनुसार कक्षा १२ मा अध्यनरत महेन्द्रकिरण मावि मनहरी-७ का अजय प्रजा, सुस्मिता बोटे, सपना घलान, भूमिका विष्ट, सितास घिमिरे र प्रगति मावि हेटौंडा-९ का कक्षा ११ मा अध्यनरत विपन खनाललाई नगद १० हजार तथा रोटरी मावि मनहरीमा कक्षा १० मा अध्यनरत मिठुकुमारी कोइराला र कक्षा ९ मा अध्यनरत सौगात गोले तथा जनक मावि बकैयामा कक्षा ९ मा अध्यनरत सलिना माझीलाई जनही नगद ८ हजारका दरले छात्रवृत्ति प्रदान गरेको हो ।

यस्तै संस्थाको वार्षिकोत्वका अवसरमा संस्थाका सचिव बद्रीबहादुर पाठक र रेडियो नेपालकर्मी, बिश्वराम अधिकारी (विवश) लाई संस्थामा उल्लेखनीय योगदान गरेको भन्दै प्रमाणपत्रद्वारा सम्मान गरेको थियो । कार्यक्रममा संविधानसभा सदस्य अनन्त पौडेल, ईन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीलगायत जिल्लाका विशिष्ट व्यक्तिहरुको सहभागिता थियो ।

# नेशनल लाइफद्धारा आचार्य परिवारलाई मृत्युदावी भुक्तानी

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ नेशनल लाइफ इन्स्योरेन्स कम्पनीको हेटौंडा शाखाले बारा निवासी सुजल आचार्यको परिवारलाई मृत्युदाबी भुक्तानी गरेको छ ।

कम्पनीले शुक्रबार एक कार्यक्रमको आयोजना गर्दै मृतक सुजलकी आमा इश्वरीलाई ६ लाख ५४ हजार दुई सय ३५ रुपैयाँको चेक हस्तान्तरण गरेको हो । चेक बीमा कम्पनी हेटौंडाका शाखाप्रमुख नारायण कार्की र निजगढ नगर पालिका-९ का वडाध्यक्ष रामचन्द्र कटुवाल क्षेत्रीले संयुक्त रुपमा हस्तान्तरण गरेका हुन् ।

आचार्यको गत माघ २१ गते मृत्यु भएको थियो । आचार्यले २०७६ जेठ ३ गते कम्पनीमा ५ लाखको बीमा गरेका थिए । चेक प्राप्त गरिसकेपछि मृतककी आमा इश्वरीले कम्पनीलाई धन्यवाद थिइन् । चेक हस्तान्तरण कार्यक्रममा मृतकका परिवार, आफन्त, स्थानीय र कम्पनीका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# महिलामिलनको चित्रकला प्रतियोगितामा थिङ प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ 'बालविवाहले पारेको असर' बारे किशोरी सदस्यबीच चित्रकला प्रतियोगितामा हेटौंडा-१३ की क्याथ्रीन थिङ प्रथम भएकी छन् ।

शनिबार हेटौंडा-१३ स्थित महिलामिलन बचत तथा ऋण सहकारी संस्था लिमिटले ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजना गरेको चित्रकला प्रतियोगितामा थिङ प्रथम भएकी हुन् । उनले १६ जनालाई उछिन्दै प्रथम स्थान हासिल गरेकी हुन् । प्रथम भएसँगै उनले शैक्षिक पुरस्कारसहित प्रमाणपत्र प्राप्त गरेकी छन् । त्यस्तै, प्रतियोगितामा मनिषा मुक्तान दोश्रो र डोल्मा वाईबा तृतीय भइन् । उनीहरुले पुरस्कारबापत शैक्षिक सामग्रीसहित प्रमाणपत्र प्राप्त गरेका थिए ।

यसैगरी, प्रतियोगितामा र उमिशा दोङ सान्त्वना भई शैक्षिक सामग्रीसहित प्रमाणपत्र प्राप्त गरिन् । पुरस्कृत सबैजनालाई हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामाले पुरस्कार वितरण गरेका थिए ।

पुरस्कार वितरण गर्दै वडाअध्यक्ष लामाले किशोरीलाई पढाईसँगसँगै अतिरिक्त क्रियाक्लापमा पनि सहभागी हुन आग्रह गरे । उनले आगामी आर्थिक वर्षदेखि १३ नम्वर वडाका विद्यालयमा खेलकुद र संगीतका विभिन्न कार्यक्रम सुरु गरिने तयारी रहेको बताए ।

त्यस्तै, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडकी कोषाध्यक्ष एवम् महिलामिलन साकोसकी निर्वतमान अध्यक्ष विष्णु लामाले जुनसुकै कुरामा किशोरीहरु कमजोर नठान्न आग्रह गरिन् । लामाले किशोरीको उज्ज्वल भबिष्यका निम्ति महिलामिलन साकोसले सदैव साथ सहयोग गर्ने प्रतिवद्धता जनाइन् ।

महिलामिलन साकोसकी उपाध्यक्ष दीपा लामाको सभाध्यक्षता भएको प्रतियोगितामा निर्णायकमण्डलका संयोजक हेटौंडा-१३ स्थित महेन्द्र माविका शिक्षक महेन्द्र मोक्तान, साकोसकी ब्यवस्थापक पुल मुक्तान थिङलगयात सदस्यको सहभागिता रहेको थियो ।

# उद्योग र व्यापारबाट मारवाडी समुदायको योगदान छः मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ बागमती सरकारका खानेपानी, उर्जा तथा सिंचाई मन्त्री एकालाल श्रेष्ठले उद्योग तथा व्यापारको माध्यमबाट मारवाडी समुदायले राष्ट्रलाई ठूलो योगदान पुऱ्याएको बताएका छन् ।

मारवाडी एशोसिएसन मकवानपुरको २८ औं वार्षिक साधारण सभा एवम् सम्मान कार्यक्रमका प्रमुख अतिथि मन्त्री श्रेष्ठले देशको जनसंख्याको हिसाबले सानो भएपनि राजश्व तिर्नेको ठूलो हिस्सेदार मार वाडी समुदाय रहेको भन्दै राज्यले सबै जातजाति र समुदायलाई समान रुपमा व्यवहार गर्दै आएको बताए । नेपाल बहुजातीय, बहुभाषिक राष्ट्र भएकोले यहाँ सबै जातजाति समुदायको उत्तिकै अधिकार छ । कानुनतः जातीय विभेद दण्डनीय भएकोले त्यस्तो भएमा दण्डको भागिदार हुने उनले बताए ।

विशेषगरी व्यावसायिक घराना भनेर चिनिने मारवाडी समुदाय र नयाँ पिंढीलाई उद्योग व्यवसायको क्षेत्रमा मात्रै नभई अन्य क्षेत्रमा पनि उत्तिकै अघि बढ्नलाई उनले आग्रह गरे । कार्यक्रमका विशेष अतिथि मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले व्यापारको क्षेत्रमा अगाडि रहेको मारवाडी समुदाय परोपकारी र सामाजिक कार्यका क्षेत्रमा खेलेको भूमिकाको प्रसंशा गरे । हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलले आफू निर्वाचित भएर आएदेखि मारवाडी समुदायलाई हरेकप्रकारको साथ र सहयोग गर्दै आएको बताए ।

हेटौंडा बजारको मुख्य व्यापारिक क्षेत्र रहेको ४ नम्बर वडामा आउने सर्वसाधारणको लागि हुप्रचौरमा निःशुल्क सार्वजनिक शौचालय निर्माण गरिसकेको र अब कान्तिराजपथ क्षेत्रमा थप एउटा निःशुल्क सार्वजनिक शौचालय निर्माणको चरणमा रहेको जानकारी गराए ।

साधारणसभामा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाल, रुङ्टा ग्रुपका प्रमुख मुरलिधर रुङ्टा, मार वाडी महिला मञ्चकी अध्यक्ष सुनिता शर्मालगायतले शुभकामना व्यक्त गरे । कार्यक्रमका अवसरमा जेष्ठनागरिक ४ दम्पतीलाई खादा लगाएर सम्मान गरिएको थियो ।







Education is the real treasure

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

**We are hiring...**

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity. We are looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. **Secondary & Basic Level Faculty :** *Social Studies, Mathematics, Computer Science, English, Science, Nepali, 'Health, Physical & Creative Arts', English Phonics, Nepali Phonics*
2. **School Counsellor**
3. **Officers:** *Event Management, IT Administration, Human Resource*
4. **ECA Instructor :** *Art & Craft, Music, Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing*
5. **Assistants :** *IT Administration, Computer Operator, Front Desk*
6. **Hostel Staffs :** *Cook, Helpers, Gardener* **( भान्से, सहयोगी र माली )**

For further details, please visit **www.hetaudaacademy.edu.np/vacancy**

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 6. Preference will be given to well trained and experienced candidates in related areas.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at ***hr@hetaudaacademy.edu.np*** with 2 references and expected salary not later than **9 April 2024**.

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np



हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरुः**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३